# (SEE Question Paper)

## अनिवार्य सामाजिक अध्ययन
## (Social Studies)

### SEE 2081 (2025)

For more questions,
all Educational updates & Tools,
visit NEBGPACalculator.com

Symbol No. ......................

RE–1051'BP'

**SEE 2081 (2025)**

**अनिवार्य सामाजिक अध्ययन**

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. तपाईंको समाजमा रहेको बहुसांस्कृतिकताको एक उदाहरण दिनुहोस् ।

२. स्थानीय विकासका लागि सङ्घीय शासन प्रणाली किन महत्त्वपूर्ण छ ? एक कारण दिनुहोस् ।

३. मानव बेचबिखनबाट व्यक्तिमा पर्ने एक असर लेख्नुहोस् ।

४. घरेलु हिंसा विरुद्ध जनचेतना जगाउने आकर्षक नारासहितको प्लेकार्ड तयार पार्नुहोस् ।

५. नेपालको प्रथम जननिर्वाचित सरकारले गरेका कुनै दुई कार्यहरू उल्लेख गर्नुहोस् ।

६. द्वितीय विश्वयुद्ध हुनुमा तपाईं कुन कारण बढि जिम्मेवार ठान्नुहुन्छ ? आफ्नो तार्किक विचार एक वाक्यमा लेख्नुहोस् ।

७. नेपालको चालु आवधिक योजनाको एक उद्देश्य उल्लेख गर्नुहोस् ।

८. तपाईंले आफूसँग भएको रकमको बचत कसरी गर्दै आउनुभएको छ ?

९. राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा अस्थायी सदस्य छनोट प्रक्रिया उल्लेख गर्नुहोस् ।

१०. असंलग्न परराष्ट्र नीति आज पनि त्यत्तिकै महत्त्वपूर्ण छ, किन ? आफ्नो धारणा एक वाक्यमा लेख्नुहोस् ।

११. पारिवारिक योजना सफल बनाउन तपाईंले आफ्नो परिवारमा निर्वाह गर्नुभएको एउटा भूमिका लेख्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (९×४=३६)

१२. 'राष्ट्रिय गौरवका रूपमा रहेका धार्मिक ऐतिहासिक स्थलको पहिचानलाई अभिवृद्धि गर्न सरकारले गरेका प्रयासको समीक्षा गर्नुहोस् ।

१३. तपाईंको प्रदेशमा रहेको राष्ट्रिय गौरवको आयोजनाको आर्थिक सामाजिक महत्त्व उल्लेख गर्नुहोस् ।

१४. यदि तपाईंलाई बालदिवसको कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी दिइएमा कसरी गर्नुहुन्छ ? एउटा कार्यक्रम सञ्चालनको खाका तयार गर्नुहोस् ।

क्रमशः

neb



१५. ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको मर्यादित जीवनयापनका लागि समुदायले के के गर्नुपर्ला ? आफ्नो धारणा चार बुँदामा लेख्नुहोस् ।

अथवा

तपाईं शास्त्रीय नृत्यसम्बन्धी जानकार व्यक्तिसँग कुराकानी गर्न जाँदै हुनुहुन्छ । शास्त्रीय नृत्यको महत्त्व र संरक्षणका उपायका विषयमा उहाँलाई सोध्न सकिने कुनै चार प्रश्नहरूको नमुना तयार पार्नुहोस् ।

१६. नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने काममा क्रियाशील संवैधानिक अङ्ग अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेका कार्य के कति प्रभावकारी भएको लाग्छ ? मूल्याङ्कन गर्नुहोस् ।

१७. सङ्घीय कार्यपालिकाको सुरक्षा र कुटनीतिसम्बन्धी कार्य व्याख्या गर्नुहोस् ।

१८. नेपालको हावापानी र वनस्पतिमा उचाइले पारेको प्रभाव वर्णन गर्नुहोस् ।

१९. विश्वव्यापीकरणको सकारात्मक प्रभावलाई तपाईंले दैनिक जीवनमा कसरी उपयोग गर्नुभएको छ ? आफ्नो अनुभव चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

२०. गुणस्तरीय जीवनका चारओटा उपाय लेख्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. 'कानुनी शासन र संविधानको पालना लोकतान्त्रिक शासन प्रणालीका मान्यता हुन् ।' यस भनाइलाई पुष्टि गर्दै यस कार्यमा न्यायपालिकाले कस्तो भूमिका खेल्नुपर्ला ? सुझाव दिनुहोस् ।

२२. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाएर निम्न तथ्यलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :
कञ्चनजङ्घा हिमाल, मधेस प्रदेश, कर्णाली नदी, मुक्तिनाथ मन्दिर

अथवा

पृष्ठ भरिने गरी दक्षिण अमेरिकाको नक्सा बनाएर उपयुक्त सङ्केत प्रयोग गरी निम्न तथ्य भर्नुहोस् :
एन्डिज पर्वतश्रेणी, केपहर्न, टिटिकाका ताल, अमेजन नदी

**अथवा (दृष्टिविहीनहरूका लागि मात्र)**

दक्षिण अमेरिका महादेशको भौतिक, आर्थिक तथा सामाजिक पक्षको वर्णन गर्नुहोस् ।

२३. दोस्रो विश्वयुद्धका आर्थिक, सामाजिक तथा राजनीतिक प्रभावहरू स्पष्ट पार्नुहोस् ।

२४. 'सुरक्षित र मर्यादित वैदेशिक रोजगारमा व्यक्ति र सरकारको भूमिका' शीर्षकमा एक लेखको नमुना तयार गर्नुहोस् ।

For more questions, all
Educational updates & Tools,
visit NEBGPACalculator.com